# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८१ कार्तिक - पौष

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिचांइ मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

**माघ**, २०८१

# विषय सूची


1 विभागको प्रकृति र स्वरूप ........ 3

2 विभागको काम, कर्तव्य र अधिकार ........ 4

3 विभागमा रहने कर्मचारी संख्या र कार्यविवरण ........ 6

4 विभागबाट प्रदान गरिने सेवा ........ 13

5 सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 15

6 सेवा प्रदान गर्ने महाशाखा, शाखा, कार्यालय र जिम्मेवार अधिकारी ........ 21

7 प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण ........ 26

8 सम्पादन भएका मुख्य-मुख्य कामको विवरण (२०८१ कार्तिक - पौष ) ........ २५

9 विभागको वेवसाईट ........ 30

10 विभागमा परेका सूचना माग सम्बन्धी निवेदनः ........ 30

## 1 **विभागको प्रकृति र स्वरूप**

जल, मौसम र जलवायु सम्बन्धी सेवा प्रवाह गर्न स्थापित सरकारी निकाय जल तथा मौसम विज्ञान विभाग हो। नेपालमा जल तथा मौसम सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशनको इतिहास धेरै पुरानो छैन।नेपालमा जल तथा मौसम अवलोकन सम्बन्धी कार्य वि.स. १९७८ भन्दा अगाडि देखिनै हुदै आएको भए पनि जल तथा मौसम अवलोकन केन्द्र सञ्जालको विकास र विस्तारको कार्य वि.सं २०१७ देखि संस्थागतरूपमा प्रारम्भ भई विद्युत विभाग अन्तर्गत जलस्रोत सर्वेक्षण ईकाईको गठन भएको थियो। समयक्रम संगै जल, जलवायु र मौसम सम्बन्धी तथ्याङ्कको महत्वपूर्ण भुमिकालाई दृष्टिगत गरी वि.सं. २०२३ देखि जलश्रोत सर्भेक्षण विभाग मातहत जल तथा मौसम सम्बन्धी कार्यहरू हुदै आएका थिए। नेपाल विश्व मौसम संगठनको सदस्यराष्ट्र भएपछि जल तथा मौसम मापन केन्द्रहरूको विकास र विस्तारलाई जोड दिदै विविध प्रकारका जल-मौसमी समेतका सेवा प्रदान गर्ने उद्देश्यले वि.सं. २०२४ सालमा जलस्रोत तथा जलवायु विज्ञान विभागको स्थापना भयो। यो विभाग वि.सं. २०२९ सालमा जलश्रोत मन्त्रालय अन्तर्गत सिंचाई तथा जलवायु विज्ञान विभागको रूपमा परिणत हुदै वि.सं. २०४४ सालमा एक छुट्टै जलवायु विज्ञान विभागको रूपमा रही वि.सं २०५० सालमा जल तथा मौसम विज्ञान विभागको रूपमा स्थापना भएको थियो। यो जल तथा मौसम विभाग हाल ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत रहेको छ। विभागको केन्द्रिय कार्यालय बबरमहल, काठमाडौंमा छ।

### क) विभागको दुरदृष्टि

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवं जलवायु समानुकूलित समाजको निर्माण गर्ने।

### ख) **लक्ष्य**

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत नागरिकको जीउधनको सुरक्षाका साथै दिगो पूर्वाधार निर्माणमा टेवा पुर्याउने।

### ग) उद्देश्य

१. जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण, संरचनागत सुधार र नवीनतम प्रविधिहरूको परीक्षण र प्रयोग गर्ने तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

२. जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना सेवाद्वारा नागरिकको जीउधनको सुरक्षा गर्नु।

३. जल, जलवायु, मौसम र जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्नु।

### घ) **रणनीतिक प्राथमिकताहरू**

१. जल तथा मौसम मापन केन्द्रहरूलाई क्रमश: नवीनतम प्रविधि सहितको आधुनिक केन्द्रहरूमा रुपान्तरण र आवश्यकता अनुसार विस्तार गर्ने

२. जल तथा मौसम पूर्वानुमान भरपर्दो र गुणस्तरीय बनाउन स्वाचालित जल तथा मौसम मापन केन्द्रहरू, स्वचालित उपकरण, मौसमी राडार र माथिल्लो वायुमण्डलीय अवलोकन केन्द्रहरू सञ्चालन गर्ने

३. हिमताल तथा हिमनदीहरूको अनुगमनका लागि उच्च हिमाली क्षेत्रमा हिममौसम र हिमजल मापन केन्द्रहरूको विस्तार गर्ने

४. जल तथा मौसमजन्य बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने

५. २४ घण्टे मौसम र बाढी पूर्वानुमान तथा हवाई मौसम सेवाको सुदृढीकरण गर्ने

६. आन्तरिक विमानस्थलहरूमा हवाई मौसम सेवा विस्तार गर्ने

७. ऋतुगत पूर्वानुमान र सुक्ष्म जलवायु अध्ययन अनुसन्धान तथा मोडलिङ गर्ने

८. शहरी जलविज्ञान, जलगुण र थेग्रान सम्बन्धी अध्ययन/आंकलन गर्ने

९. विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने

१०. जल, मौसम, जलवायु र जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने

## 2 विभागको काम, कर्तव्य र अधिकार

जल तथा मौसमजन्य प्रकोपहरूबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्ने उद्देश्यले सही र भरपर्दो पूर्वानुमान तथा पूर्वसूचनाहरू र तथ्याङ्कहरू मार्फत सर्वसधारण लगायत सरोकारवालाहरूलाई सेवा प्रदान गर्न जल तथा मौसम विज्ञान विभागको स्थापना भएको हो।जल तथा मौसम सम्बन्धी गतिविधिहरू व्यवस्थितरूपमा सञ्चालन गरी त्यसको नियमन गर्ने अधिकार यस विभागलाई रहेको छ।जल तथा मौसमी केन्द्रहरूको सञ्जाल विस्तार गरी दैनिक रूपमा जल तथा मौसमी तथ्याङ्क र सूचनाहरूको सङ्कलन, विश्लेषणका साथै मौसम र बाढी पूर्वानुमान सेवा प्रदान गर्ने कार्यका अतिरिक्त कृषि, पर्यटन, जलस्रोत, जलविद्युत, सिंचाइ, स्वास्थ्य तथा खानेपानी, यातायात, हवाई उड्डयन, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रको क्षेत्रगत विकास र जल तथा मौसमजन्य विपद जोखिम न्युनीकरण कार्यका लागि आवश्यक तथ्याङ्क, सूचना र सेवा प्रदान गर्ने कार्यको जिम्मेवारी जल तथा मौसम विज्ञान विभागको

हो।यस विभागले विश्व मौसम संगठन (World Meteorological Organization, WMO) मान्यता अनुरूप जल तथा मौसम सम्बन्धी गतिविधिहरू सञ्चालन, सार्वजनिक मौसम पूर्वानुमान तथा बाढी पूर्वानुमान सेवा र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङगठन (International Civil Aviation Organization, ICAO) को मान्यता वमोजिम सुरक्षित हवाई उडानका लागि हवाई मौसम सेवा प्रदायक तथा निगमनको रूपमा कार्य गर्दछ।

विभागले सम्पादन गर्नुपर्ने कार्यहरू निम्नानुसार छन:

१. जल, मौसम र जलवायु विज्ञान सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन
२. मौसम पूर्वानुमान सेवा, बाढी पूर्वानुमान सेवा र जलवायु सेवा
३. जल तथा मौसमजन्य प्रकोप पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण
४. जलवायु सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदान प्रदान
५. जल तथा मौसमी राडार, रेडियोसोन्ड, चट्याङ नेटवर्क, सौर्य विकीरण केन्द्र, जलविज्ञान र मौसमी केन्द्रहरूको सञ्चालन, व्यवस्थापन र सूचना प्रवाह
६. हिमनदी तथा हिमताल सर्वेक्षण
७. मौसम, जलवायु, जलवायु परिवर्तन, जल, नदी, ताल तलैया, हिम, हिमनदी, हिमताल, थिग्रेनी तथा जलगुण, वायु, शौर्य, र विकिरण सम्बन्धी अध्ययन अनुसन्धान र सूचना आदान प्रदान
८. हवाई मौसम, पर्वतीय मौसम, शहरी मौसम, शहरी जल विज्ञान, पर्यटकीय मौसम, हावापानी, कृषि हावापानी सम्बन्धी सेवा प्रदान तथा अध्ययन-अनुसन्धान एवं आंकलन
९. जल, जलवायु, मौसम र जलवायु परिवर्तन सम्बन्धी प्रारूपको विकास र सञ्चालन
१०. जल, मौसम र हावापानी सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, प्रकाशन र वितरण एवं जल तथा मौसमजन्य प्रकोप प्रमाणिकरण आदि।

समग्रमा विभागले जल, जलवायु र मौसम विज्ञान सम्बन्धी तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, विश्लेषण तथा पूर्वानुमान, अध्ययन, अनुसन्धान, प्रक्षेपण, मोडलिङ र पुर्वसूचना सेवा प्रणालीको विकास, विस्तार, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्दछ।

## 3 विभागमा रहने कर्मचारी संख्या र कार्यविवरण

विभागमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत (सह-सचिवस्तर) ले महानिर्देशकको रूपमा विभागीय प्रमूख भई दैनिक कार्यसञ्चालन हुदै आएकोछ।यस विभागमा रहेका ४ वटा महाशाखाहरूमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत (सह-सचिवस्तर) ले महाशाखा प्रमूखको रूपमा कार्य गर्ने व्यवस्था छ।

जल तथा मौसम विज्ञान विभाग र अन्तर्गतका कार्यालयहरूमा हाल राजपत्रांकित श्रेणीका 73 र अन्य श्रेणीका कर्मचारीहरू 99 गरी 172 जनाको कुल दरबन्दी कायम रहेको छ।यसको साथै देशभरका जल तथा मौसम अवलोकन केन्द्रहरूमा आंशिक करारमा करिब १०२१ जना जल तथा मौसम अवलोकनकर्ताहरू कार्यरत छन्।

हाल विभागको केन्द्रिय कार्यालयमा देहायबमोजिम कर्मचारी कार्यरत रहेका छन:

स्थायी स्वीकृत दरबन्दी संख्या :- १२8 जना

करार सेवा कर्मचारी:- 1१ जना

हाल विभागमा ४ वटा महाशाखा र १८ वटा शाखाहरू रहेका छन। विभाग मातहत धरान, भैरहवा, पोखरा र कोहलपूरमा गरी ४ वटा जल तथा मौसम विज्ञान कार्यालयहरू, १ वटा हवाइ मौसम केन्द्र, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा तथा २ वटा बेसिन फिल्ड कार्यालयहरु (नारायणी बेसिन फिल्ड कार्यालय, नारायणघाट, चितवन र महाकाली बेसिन फिल्ड कार्यालय, धनगढी कैलाली) रहेका छन।यसै गरी काठमाडौंमा १ वटा किर्तिपुर रेडियोसोन्ड केन्द्र एकाई रहेको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा काठमाडौं एअरपोर्ट एरोसिनप्टिक एकाई सहित भद्रपुर, लुक्ला, तुम्लिङटार, विराटनगर, सिमरा, जनकपुर, पोखरा, मुस्ताङ, भैरहवा, नेपालगञ्ज, सिमिकोट, सुर्खेत, ताल्चा एयरपोर्टमा गरी १४ वटा एरोसिनप्टिक फिल्ड केन्द्रहरूका साथै ताप्लेजुङ्ग, ओखलढुङ्गा, धनकुटा, दाङ, जुम्ला, डडेल्धुरा र दिपायलमा गरी ७ वटा सिनप्टिक फिल्ड केन्द्रहरू रहेका छन।

# जल तथा मौसम विज्ञान विभागको संगठन संरचना



स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार विभागमा रहेका शाखाहरू र कार्यविवरण देहायअनुसार रहेका छनः

<table>
<tr><th colspan="2">संक्षेपमा मुख्य-मुख्य कार्यहरू</th></tr>
<tr><th colspan="2">जलविज्ञान महाशाखा</th></tr>
<tr><td colspan="2">1. जलविज्ञान सम्बन्धी नीति, नियम, कार्यक्रम कार्यान्वयन अध्ययन, अनुसन्धान, परामर्श<br>2. नदी जलसतह, जलप्रवाह, थिग्रेनी तथा जलगुण, हिमजल-मौसम सम्बन्धी मापन र मापन केन्द्र व्यवस्थापन<br>3. जल तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क एवं प्रकोप प्रमाणीकरण<br>4. नदी वेसिन, ताल, जलाशय, हिमनदी तथा हिमताल सम्बन्धी अध्ययन अनुसन्धान<br>5. ताल, हिमताल र हिमनदीहरूको जोखिम आंकलन, नक्साङ्कन तथा जोखिम न्यूनिकरण<br>6. जलविज्ञान सम्बन्धी अनुगमन, मूल्याङ्कन र नियमन</td></tr>
<tr><td>जल तथ्याङ्क तथा नेटवर्क शाखा</td><td>1. जलविज्ञान केन्द्र नेटवर्क तथा तथ्याङ्क व्यवस्थापन<br>2. जलविज्ञान सम्बन्धी तथ्याङ्क संकलन, प्रोसोधन, प्रकाशन, वितरण र तथ्याङ्क/प्रकोप प्रमाणीकरण<br>3. उपकरण, यन्त्रहरूको प्राविधिक मापदण्ड निर्धारण, खरिद, क्यालिब्रेसन, मर्मत सम्भार<br>4. जलमापन, सर्वेक्षण र अनुगमन मूल्याङ्कन</td></tr>
<tr><td>हिम सर्वेक्षण तथा हिमताल शाखा</td><td>1. हिम, हिमनदी र हिमतालहरूमा जल तथा मौसम मापन र सर्वेक्षण<br>2. हिमताल र हिमनदीको नियमित अनुगमन, सर्वेक्षण,जोखिम आंकलन र जोखिम न्यूनिकरण<br>3. हिमपहिरो, हिमनदी तथा हिमताल विष्फोटन सम्बन्धी पूर्व सूचना प्रणालीको विकास<br>4. हिमाली जल, मौसम र जलवायु परिवर्तन सम्बन्धी अध्ययन -अनुसन्धान</td></tr>
<tr><td>थिग्रेनी तथा जलाशय शाखा</td><td>1. थिग्रेनी केन्द्रहरूको नेटवर्क डिजाइन, स्थापना, सञ्चालन<br>2. थिग्रेनी सम्बन्धी तथ्याङ्कहरूको सङ्कलन<br>3. ताल तथा जलाशय सम्बन्धी आवधिक सर्वेक्षण/सर्भे/ब्याथेमेट्रिक सर्भे<br>4. थिग्रेनी प्रयोगशाला सञ्चालन<br>5. थिग्रेनी तथा ताल सम्वन्धी अध्ययन अनुसन्धान</td></tr>
<tr><td>जलगुण तथा विकिरण शाखा</td><td>1. जलगुण, विकिरण र रेडियोधर्मी विकिरण सम्बन्धी मापन केन्द्रहरूको सञ्चालन<br>2. जलगुण सूचक, नदी, ताल र जलाशयको भौतिक, रसायनिक र जैविक अवयवको मापन<br>3. जलगुण प्रयोगशाला सञ्चालन<br>4. जलगुण र विकिरण सम्बन्धी अध्ययन अनुसन्धान</td></tr>
</table>

<table>
<tr><th colspan="2">बाढी पूर्वानुमान महाशाखा</th></tr>
<tr><td colspan="2">1. बाढी पूर्वानुमान सेवा<br>2. बाढी पूर्वसूचना प्रणालीको विकास, नियमित सञ्चालन, अनुगमन र व्यवस्थापन<br>3. जलस्रोत तथा बाढीजन्य प्रकोप अध्ययन अनुसन्धान<br>4. जलविज्ञान मोडेलहरूको विकास, सञ्चालन, व्यवस्थापन<br>5. जल टेलिमेट्रि केन्द्र व्यवस्थापन तथा सूचना प्रविधि विकास<br>6. जलजन्य प्रकोपहरूबाट हुने जोखिम न्यूनिकरण गर्ने तथा व्यवस्थापनका लागि राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय निकायसँग समन्वय-सहकार्य</td></tr>
<tr><td>बाढी पूर्वानुमान शाखा</td><td>1. बाढी पूर्वानुमान गर्ने<br>2. बाढी पूर्वसूचना केन्द्र सञ्चालन:२४ घण्टे बाढी पूर्वसूचना सेवा<br>3. बाढी जोखिम नक्सांकन<br>4. बाढीजन्य विपदको अनुगमन, विश्लेषण र र तथ्याङ्क व्यवस्थापन<br>5. विपद व्यवस्थापन निकायहरूसँग समन्वय गर्ने, बाढी जोखिम सम्बन्धी आवश्यक परामर्श</td></tr>
<tr><td>जलविज्ञान मोडेलिङ शाखा</td><td>1. जलविज्ञान सम्बन्धी उपयुक्त मोडलहरूको पहिचान र सञ्चालन<br>2. मोडेल क्यालिब्रेशन (Calibration), प्रमाणीकरण (Validation) र विश्लेषण<br>3. जलविज्ञान मोडलहरूको विषयमा अध्ययन र सम्बन्धित निकाय संग सहकार्य<br>4. जलविज्ञान मोडेलिङ सम्बन्धी क्षमता अभिवृद्धि</td></tr>
<tr><td>जलस्रोत अनुसन्धान तथा परामर्श शाखा</td><td>1. जलविज्ञान र जलस्रोत सम्बन्धी अध्ययन अनुसन्धान, अभिलेखिकरण, सहकार्य र समन्वय<br>2. जलस्रोत र जलविज्ञान सम्बन्धी मापदण्ड, दिग्दर्शन र निर्देशिका तर्जुमा<br>3. विषयगत योजना, विकास र व्यवस्थापनका लागि हाइड्रोलोजिकल सर्भेक्षण र परामर्श सेवा<br>4. जलविज्ञान सम्बन्धी कार्यशाला, गोष्ठी, तालिम तथा कार्यक्रम आयोजना तथा अभिमुखिकरण</td></tr>
<tr><td>रिमोट सेन्सिङ तथा भू-सूचना शाखा</td><td>1. भौगोलिक क्षेत्रगत (Geo-Spatial) तथ्याङ्क व्यस्थापन र नक्साङ्कन (Geospatial Maps), सर्वेक्षण<br>2. वायुमण्डल,हिममण्डल, मौसम र जल सम्बन्धी अनुगमन तथा जोखिम विश्लेषण रिमोट सेन्सिङ सेवा<br>3. भौगोलिक हिसाबले विकट ठाउँ, हिमताल र हिमनदीहरूको अवस्था अनुगमन र अनुसन्धान<br>4. रिमोट सेन्सिङ तथा GIS lab सञ्चालन गर्ने</td></tr>
<tr><td>टेलिमेट्रि तथा सूचना प्रविधि</td><td>1. आइसिटि पूर्वाधारको नियमित सञ्चालन, मर्मत सम्भार र व्यवस्थापन<br>2. स्वचालित केन्द्र, टेलिमेट्रि केन्द्र ,ईलेक्ट्रोनिक उपकरणहरू र सेन्सर जडान, अनुगमन तथा मर्मत<br>3. राडार सञ्चालन, टिभि स्टुडियो सञ्चालन</td></tr>
</table>

| | |
|---|---|
| **शाखा** | 4. जल-तथा मौसम सर्भर, वेबसाईट, डाटावेस व्यवस्थापन र समन्वय |
| **हावापानी विज्ञान महाशाखा** | |
| 1. हावापानी विज्ञान सम्बन्धी नीति, नियम, कार्यक्रम कार्यान्वयन, अध्ययन, अनुसन्धान, परामर्श<br>2. हावापानी विज्ञान सम्बन्धी प्रारूप सञ्चालन,<br>3. तथ्याङ्क व्यवस्थापन र प्रमाणिकरण तथा बिक्रि वितरण<br>4. जलवायु विश्लेषण तथा अध्ययन अनुसन्धान<br>5. हावापानी केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापन<br>6. जलवायु सम्बन्धीत निकाय तथा सरोकारवालाहरूसंग सम्पर्क, समन्वय र सहकार्य | |
| **हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा** | 1. हावापानी केन्द्र नेटवर्क तथा तथ्याङ्क व्यवस्थापन<br>2. तथ्याङ्क वितरण र तथ्याङ्क/प्रकोप प्रमाणीकरण<br>3. केन्द्र सर्वेक्षण तथा अनुगमन मूल्याङ्कन<br>4. समन्वय र सहकार्य |
| **हावापानी विश्लेषण शाखा** | 1. हावापानी सम्बन्धी तथ्याङ्क विश्लेषण, प्रारूप सञ्चालन र आंकलन<br>2. दैनिक, साप्ताहिक, मासिक, ऋतुगत र वार्षिक प्रतिवेदन तथा बुलेटिन<br>3. ऋतुगत पूर्वानुमान, जलवायु विश्लेषण तथा जलवायु परिवर्तन सम्वन्धी अध्ययन अनुसन्धान<br>4. विषम हावापानीको सूचकहरूको अनुगमन, अध्ययन, अनुसन्धान र विश्लेषण |
| **कृषि हावापानी शाखा** | 1. कृषि हावापानी सम्बन्धी तथ्याङ्क विश्लेषण, प्रारूप सञ्चालन र आंकलन<br>2. कृषि-मौसम सल्लाह सेवा र कृषि हावापानी दैनिक, साप्ताहिक, मासिक, वार्षिक प्रतिवेदन तथा बुलेटिन<br>3. कृषि हावापानी सम्बन्धी सूचकहरूको अनुगमन, अध्ययन, अनुसन्धान र विश्लेषण |
| **किर्तिपुर रेडियोसोण्ड केन्द्र** | 1. रेडियोसोण्ड उडान<br>2. रेडियोसोण्डबाट प्राप्त तथ्याङ्कको अनुगमन तथा अभिलेखीकरण र सम्प्रेषण |
| **मौसम पूर्वानुमान महाशाखा** | |

| | |
|---|---|
| 1. मौसम पूर्वानुमान सेवा<br>2. हवाई उड्डयन मौसमी सेवा र क्षेत्रगत मौसम पूर्वानुमान तथा पूर्वसूचना<br>3. सार्वजनिक मौसम सेवा (३६५ दिन २४ घण्टा) सञ्चालन, सूचना आदान-प्रदान र सम्प्रेषण<br>4. मौसम अनुगमन र विश्लेषण<br>5. मौसम पूर्वानुमान सम्बन्धी नीति, नियम, कार्यक्रम कार्यान्वयन, अध्ययन, अनुसन्धान, परामर्श<br>6. मौसम सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासंग समन्वय र सहकार्य | |
| **मौसम पूर्वानुमान शाखा** | 1. मौसम पूर्वानुमान प्रारूप सञ्चालन,<br>2. देशभरको मौसमी अवस्थाको नियमित अनुगमन तथा विश्लेषण<br>3. तीन तीन घण्टामा अवलोकन गरिएका मौसमी तथ्याङ्क तथा सूचनाहरू सङ्कलन र संप्रेषण<br>4. दैनिक विहान/साँझ दुइपटक आगामी तीन दिनसम्मको मौसम पूर्वानुमान र सम्प्रेषण<br>5. पर्वतारोहण र मुख्य शहरहरूको लागि मौसम पूर्वानुमान<br>6. दैनिक मौसम मिडिया व्रिफिङ्ग<br>7. विषम मौसमी अवस्थामा आकस्मिक बुलेटिन तथा चेतावनी |
| **हवाई उडडयन मौसम शाखा** | 1. ICAO मापदण्ड बमोजिम उड्डयन मौसम सूचना तथा पूर्वानुमान<br>2. आधा-आधा घण्टाको फरकमा उड्डयन मौसमी सूचनाहरू (METAR, SPECI)<br>3. टाफ (Terminal Aerodrome Forecast, TAF), SIGMET TREND FORECAST र आवश्यक Briefing<br>4. उडान (takeoff), अवतरण (Landing) र उडान मार्ग (En-route) मौसम पूर्वानुमान |
| **मौसम मोडेलिङ्ग शाखा** | 1. मौसम प्रारूपहरूको नियमित सञ्चालन गर्ने<br>2. मौसम प्रारूपबाट प्राप्त पूर्वानुमानहरूको विश्लेषण<br>3. प्रारूप क्यालिव्रेशन (Calibration) तथा पू भ्यालिडेशन (Validation)<br>4. नेपालका लागि उपयुक्त प्रारूपहरूको पहिचान, विश्लेषण तथा सिफारिस |
| **उपकरण क्यालिव्रेसन तथा ब्यवस्थापन शाखा** | 1. म्यानुअल तथा स्वचालित मौसम केन्द्रहरूको उपकरणहरूको व्यवस्थापन<br>2. क्यालिव्रेसन ल्याव सञ्चालन<br>3. स्वचालित केन्द्रहरू विस्तार र अनुगमन<br>4. मौसमी राडार, रेडियोसोण्ड केन्द्र, वायुगुण केन्द्र, विकिरण केन्द्र स्वचालित केन्द्र मर्मत सम्भार |
| **काठमाडौं एरोसिनप्टिक एकाई** | १. हरेक दिन तीन-तीन घण्टाको मौसम मापन अवलोकन, सम्प्रेषण तथा अभिलेखिकरण<br>२. आधा घण्टाको अन्तरालमा मौसमी रिपोर्ट मेटार (METAR) र आवश्यकता अनुसार SPECI सम्प्रेषण |
| **प्रशासन शाखा** | 1. कर्मचारी प्रशासन<br>2. आन्तरिक प्रशासन<br>3. जिन्सी व्यवस्थापन |

| | |
|---|---|
| | 4. दर्ता चलानी तथा अभिलेख व्यवस्थापन |
| **आर्थिक प्रशासन शाखा** | 1. विनियोजन, धरौटी, राजश्वको लेखा<br>2. विभागको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा तथा स्वीकृत बजेट निकासा<br>3. लेखापरीक्षण, पेस्की र बेरुजुको लगत, सम्परीक्षण फर्छ्यौट<br>4. प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य |
| **योजना तथा खरिद एकाई** | 1. नीति, योजना तथा कार्यक्रम तर्जुमा<br>2. नेपाल सरकारबाट प्राप्त विशेष निर्देशनहरू कार्यान्वयन गर्ने योजना तर्जुमा<br>3. सञ्चालित वार्षिक तथा आवधिक योजनाहरूको कार्यान्वयन, अनुगमन र प्रगति विवरण<br>4. सार्वजनिक खरिद सम्बन्धी कार्य |
| **जल तथा मौसम विज्ञान कार्यालय (कोहलपुर, भैरहवा, पोखरा र धरान)** | |
| **कार्यालय प्रमुख** | 1. कार्यालय अन्तर्गतका जल तथा मौसम मापन केन्द्रहरूको सञ्चालन तथा व्यस्थापन<br>2. जल तथा मौसमी तथ्याङ्क सङ्कलन चेकजाँच, प्रविष्टि, दैनिक रिपोर्टिङको लागि सम्प्रेषण<br>3. पूर्वानुमान र पूर्वसूचना प्रदेश तथा स्थानीय तहमा सम्प्रेषण<br>4. कार्यक्षेत्रभित्र पर्ने नदी तथा तालहरूको जलगुण तथा थिग्रेनी सम्बन्धी सर्वेक्षण<br>5. मातहतका फिल्ड कार्यालय र केन्द्रहरूको नियमित अनुगमन निरीक्षण<br>6. तथ्याङ्क वितरण, तथ्याङ्क प्रमाणीकरण सेवा<br>7. प्रदेश र स्थानीय तहसंग समन्वय र सहकार्य |
| **जलविज्ञान शाखा** | 1. जल, जलगुण र थिग्रनी मापन केन्द्रहरूको नियमित अनुगमन र मर्मत सम्भार गर्ने ।<br>2. नियमित रूपमा उच्च, मध्यम र न्यून जलप्रवाह मापन<br>3. जलसतह र जलप्रवाह मापन तथ्याङ्कको गुणस्तर व्यवस्थापन, रेटिङ कर्भ अद्यावधिक<br>4. जलगुण तथा थिग्रेनी नमूना सङ्कलन<br>5. बेसिन, स्थानीय र प्रादेशिक स्तरमा अध्ययन अनुसन्धान<br>6. जलजन्य विपद सम्बन्धी पूर्वसूचना तथा जानकारीहरू स्थानीयतह र प्रदेशमा सम्प्रेषण |
| **मौसम विज्ञान शाखा** | 1. कार्यालय अन्तर्गतको मौसम अवलोकन केन्द्रहरूको नियमित सञ्चालन र व्यवस्थापन<br>2. म्यानुअल तथा अटोमेटिक मौसम मापन केन्द्रबाट प्राप्त तथ्याङ्क चेकजाँच र प्रविष्टि<br>3. मौसम तथ्याङ्कको गुणस्तर, शुद्धता र परीक्षण तथा नेटवर्कको नियमित अनुगमन<br>4. मौसमी राडार केन्द्र सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भार |

| | |
|---|---|
| **हवाइ मौसम केन्द्र, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा** | 1. ICAO को मापदण्ड बमोजिम उड्डयन मौसम सूचना तथा पूर्वानुमान<br>2. आधा/आधा घण्टाको उड्डयन मौसमी सूचनाहरू (METAR, SPECI)<br>3. टाफ(Terminal Aerodrome Forecast)/SIGMET/ TREND FORECAST र आवश्यक Briefing<br>4. उडान (Ttake-off), अवतरण (Landing) र उडान मार्ग (En-route) को मौसम पूर्वानुमान<br>5. भैरहवा एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा ब्यवस्थापन |
| **बेसिन फिल्ड कार्यालय (नारायणघाट र धनगढी)** | 1. जल, जलगुण र थिग्रनी मापन केन्द्रहरूको नियमित सञ्चालन, अनुगमन र मर्मत सम्भार<br>2. नियमित रूपमा उच्च, मध्यम र न्यून जलप्रवाह मापन<br>3. जलसतह र जलप्रवाह मापन तथ्याङ्कको गुणस्तर व्यवस्थापन, रेटिङ कर्भ अद्यावधिक<br>4. जलगुण तथा थिग्रेनी नमूना सङ्कलन<br>5. बेसिन, स्थानीय र प्रादेशिक स्तरमा अध्ययन अनुसन्धान<br>6. तथ्याङ्क वितरण, तथ्याङ्क प्रमाणीकरण सेवा<br>7. जलजन्य विपद सम्बन्धी पूर्वसूचना तथा जानकारीहरू स्थानीय तह र प्रदेशमा सम्प्रेषण |
| **सिनोप्टिक फिल्ड केन्द्र** | 1. दैनिक प्रत्येक तीन घण्टामा मौसम अवलोकन र तथ्याङ्क सङ्कलन<br>2. सङ्कलित तथ्याङ्कलाई WMO CODE मा रुपान्तरण र सम्प्रेषण<br>3. अतिजन्य जलमौसमी घटनाको समयमा मौसम रिपोर्टिङ,अभिलेखीकरण र सम्प्रेषण<br>4. विशेष मौसमी अवस्थाको सूचना प्रवाह र मनसुन अवधिभर पूर्वसूचना प्रणालीलाई सूचना दिने<br>5. स्वचालित मौसमी केन्द्र अनुगमन र उपकरणहरूको नियमित चेकजाँच र सञ्चालन |
| **एरोसिनोप्टिक फिल्ड केन्द्र** | 1. दैनिक रूपमा प्रत्येक तीन घण्टामा मौसम अवलोकन र तथ्याङ्क सङ्कलन<br>2. हवाई उड्डयन सेवाका लागि आधा घण्टाको अन्तरालमा METAR, SPECI, TREND FORECAST<br>3. सङ्कलित तथ्याङ्कलाई WMO CODE मा रुपान्तरण र सम्प्रेषण<br>4. अतिजन्य जलमौसमी घटनाको समयमा मौसम रिपोर्टिङ,अभिलेखीकरण र सम्प्रेषण<br>5. विशेष मौसमी अवस्थाको सूचना प्रवाह र मनसुन अवधिभर पूर्वसूचना प्रणालीलाई सूचना दिने<br>6. स्वचालित मौसमी केन्द्र अनुगमन र उपकरणहरूको नियमित चेकजाँच र सञ्चालन |

## 4 विभागबाट प्रदान गरिने सेवा

**४.१. मौसम पूर्वानुमानः** तीन दिनसम्मको मौसम पूर्वानुमान विहान ६ र साँझ ६ बजे गरी दिनको दुई पटक नियमितरूपमा सार्वजनिक गर्ने गरिन्छ। यो मौसम पूर्वानुमान बुलेटिनको रूपमा नियमित सार्वजनिक गरिन्छ।यसका साथै प्रमूख १२ वटा शहरहरूको मौसम पूर्वानुमान दिनको दुई पटक र पर्वतारोहणका लागि ३०००, ५५००, ७००० र ८००० मिटर माथि उचाईको पुर्व, मध्य र पश्चिम हिमाली

क्षेत्रको मौसम पूर्वानुमान दिनको एकपटक नियमित रूपमा प्रदान गरिन्छ। पूर्वानुमानको रेडियो नेपाल लगायतका सञ्चार माध्यमहरूबाट समेत प्रसारण गर्ने व्यवस्था रहेको छ।
वर्षा, तापक्रम र वायुको ८४ घण्टा अवधिको नक्साङ्कन सहितको गणितीय मौसम पूर्वानुमान समेत वेवसाईटमा हरेक दिन सार्वजनिक गरिने व्यवस्था रहेकोछ। यो पूर्वानुमान निःशुल्करूपमा उपलब्ध गराईन्छ।मौसम पूर्वानुमानको हरेक दिन विहान र साँझ ७ बजे नोटिस बोर्ड नं १६१८-०७०७-३३३३ मार्फत श्रव्य (अडियो) रेकर्ड समेत उपलब्ध गराईन्छ ।

मौसम पूर्वानुमानको आधारमा सम्भावित परिस्थिति विश्लेषण गरेर भारी वर्षा सहितका अतिजन्य मौसमी अवस्थालाई मध्यनजर गरी विशेष बुलेटिनहरू जारी गरिन्छ र नियमित रूपमा अतिजन्य मौसमी घटनाको अवधिभर समय-समयमा अद्यावधिक गरी सार्वजनिक गर्ने गरिन्छ।

**सप्ताहिक कृषि-मौसम पूर्वानुमान:** यो पूर्वानुमानमा भौगिलिक र प्रादेशिक विभाजन अनुरूपको पूर्वानुमान विवरण उपलब्ध गराईन्छ। यो पूर्वानुमानको आधारमा नेपाल कृषि अनुसन्धान परिषद्संगको सहकार्यमा कृषि सल्लाह मौसम बुलेटिन तयार गरी सार्वजनिक गरिन्छ।

## ४.२. बाढी पूर्वानुमान र पूर्वसूचना

मनसुनको समयमा प्रमुख नदीहरूको तीन दिनसम्मको बाढी पूर्वानुमान बुलेटिन हरेक दिन जारी गरिन्छ। भारी वर्षा र बाढी  सम्बन्धी पूर्वसूचना र चेतावनी आवश्यक सतर्कताका लागि मोबाईल सन्देश मार्फत सम्बन्धित क्षेत्र र नदी तटीय क्षेत्रका बासिन्दालाई वर्षाको परिमाण र नदी जलसतहको खतरा र चेतावनी तह पार गरेपछि पठाउने व्यवस्था छ। बाढी तथा भारी वर्षा सम्बन्धी सूचना र पुर्व सूचनाको लागि मनसून अवधी र भारी वर्षाको समयमा २४ घण्टा निशुल्क रूपमा टोलफ्रि सेवा (११५५) सञ्चालन गर्ने गरिएकोछ। अतिजन्य मौसम र जलजन्य प्रकोपको समयमा विशेष बुलेटिनहरू जारी गरिन्छ।

**४.३** १५ दिने जलप्रवाह पुर्वानुमान बुलेटिन

विभागले प्रमुख ३ नदीहरूको ३ स्थानमा (कोशी नदिको चतरा, नारायणी नदिको देवघाट र कर्णाली नदिको चिसापानीमा) १५ दिने जलप्रवाह पुर्वानुमान गरि हरेक ५ दिनमा “१५ दिने जलप्रवाह पुर्वानुमान बुलेटिन” सरोकारवालाहरूको लागि प्रकाशन गरिन्छ।

**४.४. जल तथा मौसमी तथ्याङ्कः** जल तथा मौसम सम्बन्धी तथ्याङ्कहरू विभाग र अन्तर्गतका कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ। ७ दिन अवधिसम्मको जल तथा मौसमी तथ्याङ्कहरू निशुल्क र सो भन्दा बढी अवधिको तथ्याङ्कमा तोकिएको दस्तुर लाग्ने व्यवस्था छ। जल र मौसम सम्बन्धी तथ्याङ्कका लागि क्रमशः जल तथ्याङ्क तथा नेटवर्क शाखा (**सम्पर्कः** ०१४२५८२२४, ईमेलः

datasection2018@gmail.com) र हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा (**सम्पर्कः** ०१४२५५४०८, ईमेलः metdatadhm@gmail.com) मा सम्पर्क गर्नुपर्नेछ।

**४.५. जलवायु सम्बन्धी सूचनाः** दैनिक, सप्ताहिक र ऋतुगत जलवायु तथा कृषि हावापानी सम्बन्धी सूचना र प्रतिवेदन निशुल्क रूपमा विभागको वेवसाईट http://dhm.gov.np/climate/ बाट प्राप्त गर्न सकिनेछ।विस्तृत जानकारीको लागि विभागको कृषि हावापानि र हावापानी विष्लेषण शाखामा समपर्क गर्न सकिनेछ।

**४.६. हवाई उड्डयन मौसम सेवा:** यो सेवा विभागले अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान प्रयोजनका लागि नियमित प्रदान गर्ने गर्दछ। यो सेवा विभागको कार्यालय स्थापना भएका विमानस्थलमा दैनिकरूपमा नियमित प्रदान गरिन्छ।अन्तर्राष्ट्रिय विमानस्थलमा आधा-आधा घण्टा र आन्तरिक विमानस्थलमा एक-एक घण्टाको फरकमा सेवाहरू प्रदान गरिन्छ भने मौसमको बिग्रिदो र सुधारिदो अवस्था विश्लेषण गरी आवश्यकता अनुसार विशेष सूचनाहरू प्रदान गर्ने गरिन्छ।

## 5 सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

सेवा प्राप्त गर्न लाग्ने दस्तुर प्रचलित कानून अनुसार हुने र सूचनाको प्रकृति हेरी १५ दिनसम्मको अवधि लाग्न सक्नेछ।

जल तथा मौसम सम्बन्धी तथ्याङ्क प्रमाणीकरण गर्न निवेदन सहित रु. ५०० शुल्क दाखिला गरी प्राप्त गर्न सकिन्छ भने अन्य तथ्याङ्क तोकिएको दस्तुर तिरेर प्राप्त गर्न सकिनेछ।तथ्याङ्क सम्बन्धी सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धी विस्तृत विवरण विभागको वेवसाईटमा वा निम्न लिङ्कबाट हेर्न सकिनेछ।प्रकोप तथा तथ्याङ्क प्रमाणीकरणका लागि २ दिनसम्म समय लाग्न सक्दछ भने जल-मौसमी तथ्याङ्क सधारणतया १ घण्टा देखि १ दिनसम्ममा प्राप्त गर्न सकिन्छ तर तथ्याङ्कको उपलब्धता हेरी कतिपय अवस्थामा ७ दिनसम्मको समय लाग्न सक्नेछ। तथ्याङ्क सम्बन्धी विस्तृत विवरण विभागको वेवसाईटमा वा निम्न लिङ्कमा हेर्न सकिनेछः

जल तथ्याङ्क दस्तुरः https://www.dhm.gov.np/downloads

**थप जानकारीका लागि सम्पर्कः** ०१४२५८२२४, ईमेलः datasection2018@gmail.com

मौसमी तथ्याङ्क दस्तुरः https://www.dhm.gov.np/downloads

**थप जानकारीकारीका लागि सम्पर्कः** ०१४२५५४०८, ईमेलः metdatadhm@gmail.com

तथ्याङ्क मागको फारमः https://www.dhm.gov.np/downloads

र Online माध्यमबाट भुक्तानी तथा तथ्याङ्क प्राप्त गर्ने तरिकाः https://www.dhm.gov.np/downloads

तथ्याङ्क बाहेक विभागले प्रदान गर्ने अन्य सेवाहरू प्रचलित कानून अनुसार हुने।

**मौसम पूर्वानुमान, बाढी पूर्वानुमान र पुर्व सूचना लगायत जल तथा मौसम सम्वन्धी अन्य तत्कालिक सूचना निशुल्क रुपमा देहायका माध्यमहरुवाट प्रदान गरिने व्यवस्था रहेकोछ:**

१) **वेबसाईट मार्फत सार्वजनिकः** मौसम तथा बाढी पूर्वानुमान लगायतका अन्य मौसमी दैनिक प्रतिवेदन र तत्कालिक सूचनाहरू तयार गरी विभागको वेवसाईट मार्फत सार्वजनिक गर्दछ। लगभग ३०० वटा जल-मौसमी केन्द्रहरूको तत्कालिक वर्षा र नदी जलसतहको सूचना स्वचालित रूपमा वेबसाईटमा नियमित सार्वजनिक गरिन्छ भने १०/१० मिनेटको अन्तरमा अद्यावधिक गर्ने गरिएकोछ।

**मौसम सम्बन्धी जानकारीका लागि सम्पर्कः** जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौँ, फोनः ०१-४४८६८६९, ०१-४११३१९१, नोटिस बोर्डः १६१८-०७०७-३३३३, वेवसाईट: www.mfd.gov.np
Facebook:www.facebook.com/dhmweather, Twitter: www.twitter.com/dhm_weather

**बाढी सम्बन्धी जानकारीका लागि सम्पर्कः** बाढी पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं, टोल फ्रि नम्वरः ११५५, फोनः ०१४२५८२७१, वेवसाईट: www.hydrology.gov.np
Twitter: Nepal Flood Alert (नेपाल बाढी सूचना) https://twitter.com/DHM_FloodEWS
Facebook: Nepal Flood Alert (नेपाल बाढी सूचना) https://www.facebook.com/FlowForecasting

२) **ईमेलमार्फत सम्प्रेषणः** विभागले तयार गरेको पूर्वसूचना र सम्बन्धित अन्य सूचनाहरू दैनिकरूपमा र आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाको ईमेल मार्फत सम्प्रेषण गरिन्छ।उक्त सूचनाहरू विभागमा उपलब्ध स्थानीय तह र राष्ट्रियस्तरका समाचारका माध्यमहरू एवं स्थानीय सञ्चार माध्यमहरूको ईमेलमा समेत सम्प्रेषण गरिन्छ। यसका साथै गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन केन्द्र, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण लगायत कृषि, स्वास्थ्य, पर्यटन, यातायात, नागरिक उड्डयन संग सम्बन्धित सरकारी, गैरसरकारी, निजी क्षेत्रका संघसंगठन र व्यक्तिको ईमल मार्फत पठाउने गरिन्छ।

३) **२४ घण्टे टलिफोन तथा टोलफ्रि सेवा सञ्चालनः** जल तथा मौसम सम्बन्धी सूचना प्रदान गर्नका लागि फोनः ०१-४४८६८६९, ०१-४११३१९१ को टेलिफोन सेवा २४ घण्टा, ३६५ दिन सञ्चालन हुने व्यवस्था छ। मौसम पूर्वानुमान हरेक दिन विहान र साँझ ७ बजे नोटिस बोर्ड नं १६१८-०७०७-३३३३

मार्फत श्रव्य (अडियो) रेकर्ड समेत उपलब्ध गराउने गरिएकोछ।बाढी तथा भारी वर्षा सम्बन्धी सूचना र पुर्व सूचनाको लागि मनसून अवधी र भारी वर्षाको समयमा २४ घण्टा निशुल्क रूपमा ११५५ नम्वरको टोलफ्रि सेवा सञ्चालन गर्ने गरिएको। यसका साथै अन्य टेलिफोन र ईमेल मार्फत समेत सूचना माग भए वमोजिम तरुन्त उपलब्ध गराईने व्यवस्था रहेकोछ।

४) भारी वर्षा र बाढी सम्बन्धी पुर्वसूचना र चेतावनी मोवाईल सन्देश मार्फत सम्न्वधित क्षेत्र र नदी तटीय क्षेत्रका बासिन्दालाई वर्षाको परिमाण र नदी जलसतहको खतरा र चेतावनी तह पार गरेपछि पठाउने गरिन्छ।

५) समाजिक सञ्जाल ट्विटर, फेसवुकको माध्यमबाट समय-समयमा तत्कालिन मौसम र बाढीको अवस्थावारे सूचना सार्वजनिक गरिन्छ।सर्वसधारणका जिज्ञासाहरू टेलिफोनबाट २४ घण्टा संवोधन गर्ने व्यवस्था छ।

६) सञ्चारका माध्यमहरू (रेडियो, टेलिभिजन र पत्रपत्रिका) मार्फत जल तथा मौसमी सूचनाहरू सम्प्रेषण गरिन्छ।

७) दैनिक तापक्रम र वर्षा सम्वन्धी मौसम विश्लेषण प्रतिवेदन सार्वजनिक गरी र सरोकारवालाहरूलाई समेत विद्युतीय माध्यमबाट उपलब्ध गराईन्छ।

८) विभाग अन्तर्गतका कार्यालय रहेका विमानस्थलवाट हवाई उडानका लागि आवश्यक उड्डयन मौसम सेवाहरु।

## विभागको नागरिक वडापत्र

| क्र. सं. | सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजात | लाग्ने समयावधि | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | दर्ता/चलानी तथा सोधपुछ | मौखिक | तुरुन्त | निःशुल्क | प्रशासन शाखा, कोठा नं. १०१ | प्रमुख, प्रशासन शाखा, कोठा नं. ५०२ |
| २ | खरिद सम्बन्धी सेवा | रितपूर्वक कागजात सहितको निवेदन | तोकिएको हकमा नियमानुसार,अन्यथा २ दिन | तोकिए बमोजिम | खरिद एकाई, कोठा नं. ३०१ | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ३ | आर्थिक प्रशासन सम्बन्धी सेवा | रितपूर्वक कागजात सहितको निवेदन | तोकिएको हकमा नियमानुसार, अन्यथा ३ दिन | निःशुल्क | आर्थिक प्रशासन शाखा, कोठा नं. ६०४ | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ४ | जल विज्ञान तथ्याङ्क (जल प्रवाह, जल सतह, थिग्रेनी, जलगुण) | निवेदन, तथ्याङ्क माग फाराम, (राजस्व छुटको हकमा सिफारिश) | १ दिन | तोकिए बमोजिम | जल तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. २०९ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ५ | जल विज्ञान तथ्याङ्क प्रमाणिकरण | निवेदन | २ दिन | रु ५००।- | जल तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. २०९ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ६ | ताल, तलैया, सिमसार सम्बन्धी सूचना | मौखिक / निवेदन | १ दिन | निःशुल्क | थिग्रेनी तथा जलाशय शाखा, कोठा नं. १०३ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ७ | हिम, हिमताल, हिमजल, हिम नदी सम्बन्धी सूचना | मौखिक / निवेदन | १ दिन | निःशुल्क | हिम सर्भेक्षण तथा हिमताल शाखा, कोठा नं. १०४ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ८ | बाढी तथा दैनिक जलप्रवाह | मौखिक / | १ घण्टा | निःशुल्क | बाढी पूर्वानुमान शाखा, | प्रमुख, बाढी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूर्वानुमान सूचना | निवेदन | | | कोठा नं. २०६ | पूर्वानुमान महाशाखा, कोठा नं. ७०५ |
| ९ | हावापानी तथ्याङ्क (तापक्रम, वर्षा, आद्रता, वायुको दिशा र गति, माटोको तापक्रम, सौर्य अवधि आदि) | निवेदन, तथ्याङ्क माग फाराम, (राजस्व छुटको हकमा सिफारिश) | बढिमा ७ दिन | तोकिए बमोजिम | हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १० | मौसमी तथ्याङ्क प्रमाणिकरण | निवेदन | बढिमा ७ दिन | रु ५००।- | हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| ११ | प्रकाशित मासिक, ऋतुगत तथा वार्षिक हावापानी प्रतिवेदन, जलवायु सम्बन्धी जानकारी, हावापानी अनुगमन प्रतिवेदन आदि | निवेदन / मौखिक | बढिमा ३ दिन | निःशुल्क | हावापानी विश्लेषण शाखा, कोठा नं. ३०४ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १२ | साप्ताहिक कृषि मौसमी प्रतिवेदन | निवेदन | बढिमा ३ दिन | निःशुल्क | कृषि हावापानी शाखा, कोठा नं. ३०९ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १३ | मौसमी उपकरण सम्बन्धी जानकारी | निवेदन / मौखिक | बढिमा ३ दिन | निःशुल्क | उपकरण क्यालिब्रेसन तथा व्यवस्थापन शाखा, कोठा नं. ३१० | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १४ | मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निवेदन | १ - ६ घण्टा | निःशुल्क | मौसम पूर्वानुमान शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १५ | हवाई मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निवेदन | १ - ६ घण्टा | निःशुल्क | हवाई उड्डयन मौसम शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विमानस्थल, गौचर | कोठा नं. ६०५ |
| १६ | मौसम केन्द्र अवलोकन तथा पूर्वानुमान बिधि सम्बन्धी जानकारी | निवेदन | बढिमा ७ दिन | निःशुल्क | काठमाडौँ एरोसिनोप्टिक एकाई, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |

## 6. सेवा प्रदान गर्ने महाशाखा, शाखा, कार्यालय र जिम्मेवार अधिकारी

| सि.न. | विभाग/महाशाखा/शाखा | जिम्मेवार अधिकारी | सम्पर्क |
|---|---|---|---|
| **१** | **जल तथा मौसम विज्ञान विभाग** | **महानिर्देशक, श्री कमल राम जोशी** | **०१4219047**<br>**कोठा नं ९०२** |
| १.१ | प्रशासन शाखा | उपसचिव, श्री सावित्रि पौडेल | ०१४२५८२२४ (Ext. २९) कोठा नं. ५०१ |
| १.२ | आर्थिक प्रशासन शाखा | उपसचिव, श्री प्रेम चन्द्र भुषाल | ०१४२५८२२४ (Ext. १६) कोठा नं. ६०४ |
| **२** | **हावापानी विज्ञान महाशाखा** | **उपमहानिर्देशक, डा अर्चना श्रेष्ठ** | **०१4258270**<br>**कोठा नं ८०५** |
| २.१ | हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री | ०१४२५८२२४ (Ext. १०८) कोठा नं. ४०५ |
| २.२ | हावापानी विश्लेषण शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री बिभुती पोखरेल | ०१४२५८२२४ (Ext. १२७) कोठा नं. ३०४ |
| २.३ | कृषि हावापानी शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री शिव प्रसाद नेपाल | ०१४२५८२२४ (Ext. १३७) कोठा नं. ३०९ |
| **३** | **बाढी पूर्वानुमान महशाखा** | **उपमहानिर्देशक,** | **०१42५८२४५**<br>**कोठा नं ७०५** |
| ३.१ | बाढी पूर्वानुमान शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री विनोद पराजुलि | ०१४२५८२२४ (Ext. १२९) कोठा नं २०७ |
| ३.२ | जलविज्ञान मोडलिङ शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री दिनकर कायस्थ | ०१४२५८२२४ (Ext. २४) कोठा नं ७०४ |
| ३.३ | जलस्रोत अनुसन्धान तथा परामर्श शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री विक्रम श्रेष्ठ जुवा | ०१४२५८२२४ (Ext. २५) कोठा नं ७०१ |

| | | | |
|---|---|---|---|
| | | | |
| ३.४ | रिमोट सेन्सिङ तथा भु-सूचना शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री दिनकर कायस्थ | ०१४२५८२२४ (Ext. २५) कोठा नं ७०१ |
| ३.५ | टेलिमेट्रि तथा सूचना प्रविधि शाखा | सिनियर डिभिजनल ईन्जिनियर, श्री विनोद पराजुलि | ०१४२५८२२४(Ext.१२६) कोठा नं २०१ |
| **४** | **मौसम पूर्वानुमान महाशाखा** | **उपमहानिर्देशक, श्री सुमन कुमार रेग्मी** | |
| ४.१ | मौसम पूर्वानुमान शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री प्रतिभा मानान्धर<br>सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री शान्ती कंडेल | ०१४११३१९१<br>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल |
| ४.२ | हवाई उड्डयन मौसम शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री निराजन सापकोटा<br>सिनियर डिभिजनल मेटेरियोलोजिष्ट श्री मिन कुमार अर्याल | |
| ४.३ | मौसम मोडलिङ शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री राजुधर प्रधानाङ्ग | |
| ४.४ | उपकरण तथा क्यालिब्रेसन व्यवस्थापन शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, डा. ईन्दिरा कडेल | ०१४२५८२२४ (Ext. १३१ ) कोठा नं ३१० |
| **५** | **जल विज्ञान महाशाखा** | **उपमहानिर्देशक,** | |
| ५.१ | जल तथ्याङ्क तथा नेटवर्क शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री राम विकेश राय | ०१४२५८२२४ (Ext. १३६) कोठा नं १०२ |
| ५.२ | हिम सर्वेक्षण तथा हिमताल शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री दिनकर कायस्थ | ०१४२५८२२४ (Ext. १२४ ) कोठा नं २०३ |
| ५.३ | थिग्रेनी तथा जलाशय शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री साकेत कुमार कर्ण | ०१४२५८२२४ (Ext. २४) कोठा नं ७०४ |

| | | | |
|---|---|---|---|
| ५.४ | जलगुण तथा विकिरण शाखा | सिनियर डिभिजनल केमिष्ट, | ०१४२५८२२४ (Ext. ) कोठा नं १०४ |
| **६** | **प्राथमिकता प्राप्त नदि बेशिन बाढी जोखिम ब्यवस्थापन आयोजना** | **सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री विक्रम श्रेष्ठ जुवा** | **०१४२५८२२४ (Ext.३३ ) कोठा नं ७०३** |

**मातहतका कार्यलयहरू**

| सि. न. | कार्यालय | कार्यालय प्रमूख/जिम्मेवार अधिकारी | सम्पर्क |
|---|---|---|---|
| १. | **जल तथा मौसम विज्ञान कार्यालय, धरान** | **सिनयर डिभिजनल हाईड्रोलोजिष्ट, श्री रुद्र परियार** | **०२५५२०२७२** |
| १.१ | एरोसिनप्टिक फिल्ड केन्द्र, विराटनगर एअरपोर्ट | मौसम विज्ञान सहायक,श्री विकास देउजा | ०२१४६१२७६ |
| १.२ | एरोसिनप्टिक फिल्ड केन्द्र, सिमरा एअरपोर्ट | मौसम विज्ञान सहायक,श्री केशव खरेल | ०५३५२००८१ |
| १.३ | एरोसिनप्टिक फिल्ड केन्द्र, जनकपुर एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री राजिव कुमार झा | ०४१४२५२३७ |
| १.४ | एरोसिनप्टिक फिल्ड केन्द्र, भद्रपुर एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री सुमन भट्टराई | *०२५५२०२७२* |
| १.५ | एरोसिनप्टिक फिल्ड केन्द्र, लुक्ला एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री शैलश अधिकारी | *०३८५५०२६८* |
| १.६ | एरोसिनप्टिक फिल्ड केन्द्र, तुम्लिङटार एअरपोर्ट | मौसम विज्ञान सहायक, | *०२५५२०२७२* |
| १.७ | सिनप्टिक फिल्ड केन्द्र, ताप्लेजुङ | मौसम विज्ञान सहायक, श्री डेभिड ढकाल | ०२४४६०५२१ |
| १.८ | सिनप्टिक फिल्ड केन्द्र, धनकुटा | मौसम विज्ञान सहायक, श्री राकेश श्रेष्ठ | ०२६५२२२३४ |
| १.९ | सिनप्टिक फिल्ड केन्द्र, ओखलढुङ्गा | मौसम विज्ञान सहायक, श्री अभियान पौडेल | ०३७५२०३२७ |
| **२** | **जल तथा मौसम विज्ञान कार्यालय, पोखरा** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट श्री सुजन सुवेदी** | **०61465299** |
| **२.१** | **हवाइ मौसम केन्द्र, अन्तर्राष्ट्रिय विमानस्थल** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट श्री चिरन्जिवी भेटुवाल** | |

| | | | |
|---|---|---|---|
| | **पोखरा** | | |
| २.२ | नारायणी बेसिन कार्यालय, नारायणघाट, चितवन | हाईड्रोलोजिष्ट ईन्जिनियर, श्री सुमित अधिकारी | ०५६५२६४०९ |
| २.३ | एरोसिनप्टिक फिल्ड केन्द्र, पोखरा एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री चित्रा कुमारी ढकाल | ०६१४६५४६० |
| २.४ | एरोसिनप्टिक फिल्ड केन्द्र, जोमसोम एअरपोर्ट | मौसम विज्ञान सहायक, | *०61465299* |
| **३** | **जल तथा मौसम विज्ञान कार्यालय, भैरहवा** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री बरुण पौडेल** | **०७१५०६१६४** |
| ३.१ | **हवाइ मौसम केन्द्र, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री सुवाष रिमाल** | **०71507262** |
| ३.२ | एरोसिनप्टिक फिल्ड केन्द्र, नेपालगन्ज एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री पल बहादुर बि.के | ०81565288 |
| ३.३ | सिनप्टिक फिल्ड केन्द्र, दाङ | मौसम विज्ञान सहायक, श्री श्रेया रिजाल | ०82560034 |
| **४.** | **जल तथा मौसम विज्ञान कार्यालय, कोहलपुर** | **सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री राम प्रसाद अवश्थी** | **०८१५४२१०७** |
| ४.१ | महाकाली बेसिन कार्यालय, अत्तरिया, कैलाली | हाईड्रोलोजिष्ट ईन्जिनियर, श्री सञ्जय शाह | 091550622 |
| ४.२ | एरो सिनप्टिक फिल्ड केन्द्र, सुर्खेत एअरपोर्ट | मौसम विज्ञान सहायक,श्री हिमाल सिवाकोटी | 083520210 |
| ४.३ | एरो सिनप्टिक फिल्ड केन्द्र, ताल्चा एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री गोबिन्द कुमार झा | *081540101* |
| ४.४ | एरो सिनप्टिक फिल्ड केन्द्र, सिमिकोट एअरपोर्ट | मौसम विज्ञान सहायक, बिनोद ढकाल | *08७६८०३३४* |

| | | | |
|---|---|---|---|
| ४.५ | सिनप्टिक फिल्ड केन्द्र, जुम्ला | मौसम विज्ञान सहायक, श्री महेश शर्मा | 087520187 |
| ४.६ | सिनप्टिक फिल्ड कार्यालय, दिपायल | मौसम विज्ञान सहायक, श्री सन्तोष भट्टराई | 094412020 |
| ४.७ | सिनप्टिक फिल्ड कार्यालय, डडेल्धुरा | मौसम विज्ञान सहायक, श्री श्याम बहादुर सुनार | 096420221 |

### 7. प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण

| क्र.सं. | पदाधिकारी | नाम |
|---|---|---|
| १ | महानिर्देशक | कमल राम जोशी |
| २ | गुनासो सुन्ने अधिकारी | डा अर्चना श्रेष्ठ, उप-महानिर्देशक<br>सम्पर्कः०14219047, कोठा नं ८०५ |
| ३ | प्रवक्ता | बिभूति पोखरेल, सिनियर डिभिजनल मेटेरियोलोजिस्ट<br>सम्पर्कः ९८६३४७७९१५, कोठा नः ३०९ |
| ४ | सूचना अधिकारी | दिनकर कायस्थ, सिनियर डिभिजनल हाइड्रोलोजिष्ट<br>सम्पर्कः ९८६३४७७९१६, कोठा नः २०३ |

सम्पादन भएका मुख्य-मुख्य कामको विवरण (**२०८१ कार्तिक - पौष** )

८.१ **२०८१ कार्तिक - पौष** **<u>सम्म जल तथा मौसम विज्ञान विभागबाट भएका प्रमुख कार्यहरू</u>**

- विभागले प्रमुख ३ नदीहरूको ३ स्थानमा (कोशी नदिको चतरा, नारायणी नदिको देवघाट र कर्णाली नदिको चिसापानीमा) १५ दिने जलप्रवाह पुर्वानुमान गरि हरेक ५ दिनमा “१५ दिने जलप्रवाह पुर्वानुमान बुलेटिन” सरोकारवालाहरूको लागि प्रकाशन कार्य सुरु।
- गत मनसुनमा वाढिवाट क्षतिग्रस्त वागमती वेसिन अन्तर्गतका जलमापन केन्द्रहरूको प्रारम्भिक मर्मत सम्भार कार्य सम्पन्न।
- हिँउद अवधी (December 2024 - February 2025 / १६ मङ्गसिर - १६ फागुन) को हावापानी आकँलन सम्वन्धि प्रतिवेदन प्रकाशन https://www.dhm.gov.np/uploads/dhm/climateService/ , सोको सारांश तपसिल वमोजिम रहेको छः

  **“मङ्गसिर १६ देखि फागुन १६ सम्मको तीन महिनाको हिँउद अवधीमा देशभर सरदर भन्दा कम वर्षा हुने सम्भावना रहेको छ। अधिकतम तापक्रम र न्यूनतम तापक्रम देशभर सरदर भन्दा बढी रहने सम्भावना रहेको छ”।**
- विभागले विभिन्न मौसम समवन्धी जानकारी तथा सचेतनामुलक सन्देशहरू छोटो छोटो video clip हरू तयार गरि सामाजिक संजाल लगायत अन्य विभिन्न माध्यमवाट जन चेतनाको लागि जारी गर्ने कार्य सुरू गरिएको ।
- Toll Free Number ११५५ वाट मौसम सम्वन्धि जानकारीको लागि (२४ X ७) सेवा सञ्चालन ।
- ताशी गाँऊ, सखुंवासभामा रहेको हिम केन्द्रलाई पुर्णरूपमा स्वचालित केन्द्रमा स्तरोन्नती गरिएको।
- लाङ्ताङको घोडातबेलामा रहेको हिम जलसतह मापन केन्द्रलाई पुर्णरूपमा स्वचालित केन्द्रमा स्तरोन्नती गरिएको।
- यस आ.व.मा गर्नुपर्ने कार्यक्रमहरूको Tender / विज्ञापनहरू आव्हान गर्ने कार्य ।

८.२ दैनिक सम्पादन हुने मुख्य-मुख्य कामको विवरण (**२०८१ साउन - असोज**)

| | **प्रमुख कार्यहरू** | **विवरण** |
|---|---|---|
| १ | मौसम पूर्वानुमान बुलेटिन | आगामी तीन दिनको मौसम पूर्वानुमान दैनिक २ वटा बुलेटिन जम्मा १७८ वटा |
| २ | सर्वसधारण, सञ्चार माध्यम र विषयगत सोरकारवालाका लागि मौसम सूचना सेवा प्रदान | प्रत्येक दिन २४ घण्टा सञ्चालन हुने |
| ३ | विशेष मौसम बुलेटिन | २ वटा |
| ४ | पर्वतारोहणका लागि पूर्वानुमान (HIGH ALTITUDE FORECASTS) बुलेटिन | दैनिक एक पटक जम्मा ८९ वटा बुलेटिन |
| ५ | मूख्य शहरहरुको दैनिक मौसम पूर्वानुमान | दैनिक २ पटक |
| ६ | विश्व मौसम संगठनको World Weather Information Service मा नेपालका १२ वटा शहरहरुको मौसम पूर्वानुमान प्रदान गर्ने | दैनिक १ पटक |
| ७ | साप्ताहिक कृषि मौसम पूर्वानुमान बुलेटिन र सप्ताहिक कृषि-मौसम बुलेटिन | हप्ताको एक पटक जम्मा १३/१३ वटा बुलेटिन |
| ८ | तराईको हुस्सु/कुहिरो/शितलहर बुलेटिन (Terai Mist/Fog/Cold wave Bulletin) | दैनिक एक पटक ३५ वटा बुलेटिन |
| ९ | दैनिक तापक्रम र वर्षाको अनुगमन प्रतिवेदन | दैनिक १ वटा जम्मा ८९ वटा बुलेटिन |
| १० | सुरक्षित हवाई उडानका लागि तत्कालिक मौसम सूचनाहरू (METAR, SPECI) प्रदान गर्ने | आधा-आधा घण्टाको फरकमा २४ सै घण्टा |
| ११ | a. अन्तराष्ट्रिय उडानका लागि उड्डयन मौसम पूर्वानुमान (Terminal Aerodrome Forecast, TAF)<br>b. बिग्रिदो मौसम अवस्थामा आवश्यकता अनुसार | दैनिक ६/६ घण्टाको फरकमा दैनिक ४ वटा जम्मा ३५६ पटक अध्यावधिक भएको। |

| | | |
|---|---|---|
| | दिईने मौसम पूर्वानुमान (SIGMET)<br>c. विमान सेवा प्रदायकलाई Take Off Data (Wind, Temperature, Pressure पूर्वानुमान) प्रदान गर्ने<br>d. विमानचालक तथा विमान सेवा प्रदायकलाई Briefing सेवा र TREND FORECAST प्रदान गर्ने | आवश्यकता अनुसार ४ घण्टाको अवधिको लागि मान्य हुने गरी प्रदान गरिने।<br><br>दैनिक ३ पटक<br><br>दैनिक २ पटक र माग अनुसार प्रदान हुने। |
| १२ | हवाई फोल्डरः- उडान (takeoff), अवतरण (Landing) र उडान मार्ग (En-route) मौसम पूर्वानुमान | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलवाट दैनिक उडानहुने विमानहरुकालागि उपलब्ध गराईने। |
| १३ | सिनप्टिक मौसम अवलोकन र Global Telecommunication System मार्फत सम्प्रेषण | दैनिक ८ पटक |
| १४ | रेडियोसोण्ड सञ्चालन | प्रत्येक दिन बिहान ५:४५ बजे किर्तिपुरबाट उडान; ३० कि.मी. माथिसम्मको Vertical Profile सङ्कलन |
| १५ | जल तथा मौसम सम्वन्धी तथ्याङ्क वितरण र प्रकोप प्रमाणीकरण सेवा | कार्यालय समय भित्र प्रत्येक दिन |
| १६ | विभिन्न नदीहरुको जलसतह मापन | दैनिक ३ पटक |

**आ.व २०८० /८१ पौष सम्मको खर्च प्रगति विवरण**

| क्र.सं. | बजेट उपशीर्षक | वार्षिक बजेट (रु लाखमा) | पौष सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | जल तथा मौसम विज्ञान विभाग | ३५९८.९ | ४६९.४२ | १३.०४ |
| २. | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम ब्यवस्थापन आयोजना | २७२१ | ३४.५७ | १.२७ |
| ३. | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ३०४ | १३.६ | ४.४७ |
| ४. | जल तथा मौसम विज्ञान कार्यक्रम | २६१६ | ७६६.५६ | २९.२९ |
| जम्मा | | ९२४१.४० | १२८४.१५ | १३.९ |

**9.विभागको वेवसाईट**

यस जल तथा मौसम विज्ञान विभागको वेवसाइट www.dhm.gov.np, रहेको छ।

**10. विभागमा परेका सूचना माग सम्बन्धी निवेदनः**

लिखितरूपमा माग नभएको र ईमेल/फोन मार्फत जानकारी माग भएको सूचनाहरू प्रदान गरिएको।

**प्रस्तुत विवरण विभागको वेवसाइट www.dhm.gov.np मा हेर्न सकिनेछ।**

**थप जानकारीका लागि सम्पर्क**

**सूचना अधिकारी**

दिनकर कायस्थ, सिनियर डिभिजनल हाइड्रोलोजिष्ट

सम्पर्कः ९८६३४७७९१६, कोठा नः २०३

ईमेल: info@dhm.gov.np

**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जल तथा मौसम विज्ञान विभाग**
**बबरमहल, काठमाडौं, नेपाल**
**फोन नः** ०१४२११५३०, ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१
**फ्याक्सः**०१४२६४२१९, **पो.व.नः** ४०६
**ईमेलः** info@dhm.gov.np वेबसाईटः www.dhm.gov.np